बैठक संख्या : ७७ (सत्हत्तर)

समय : दिउँसो

आज मिति २०७९ माघ २१ गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्यामकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री वावुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव वहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिर मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

# ७७ औं कार्यपालिका बैठक (२०७९।१०।२१)

**विषय सूची:**

१. नगरसभा र यातायात खर्च सम्बन्धमा
२. विधान समितिले तयार पारेको ऐन, नियमावली, कार्यविधि, मापदण्ड सम्बन्धमा
३. बैठक भत्ता सम्बन्धमा
४. नगरसभामा पेश हुने विनियोजन ऐन, बजेट तथा कार्यक्रम सम्बन्धमा
५. विविध
   क) आयोजनाले निर्माण सामाग्री माग गरेको सम्बन्धमा

**निर्णयहरु**

**प्रस्ताव नं १: नगरसभा र यातायात खर्च सम्बन्धमा**

**निर्णय नं.१:** यस नगरपालिकाको वडा नं १ देखि वडा नं १३ सम्मका नगरसभा सदस्य, कार्यपालिका सदस्यहरुलाई भाग लिन आए वापत यातायात खर्च प्रति नगरसभाको लागी प्रति व्यक्ति रु १०००। यातायात खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं २ : विधान समितिले तयार पारेको ऐन, नियमावली, कार्यविधि, मापदण्ड सम्बन्धमा**

**निर्णय नं २ :**

**१. आर्थिक ऐन २०७९**

विदुर नगरपालिकाको आर्थिक ऐन, २०७९ को दफ़ा १८ ले दिएको अधिकार अन्तर्गत राजश्वको दररेट थप तथा संशोधन गर्न राजश्व परामर्श समितिको सिफारिस अनुसार नगर कार्यपालिकाको वैठकवाट संशोधन गर्ने निर्णय गरियो ।

| सि.नं | वर्तमान अवस्था | संशोधन प्रस्ताव | कारण तथ सुझाव |
|---|---|---|---|
| १. | दफा ७ को अनुसूची ५ (क) को बुँदा नं १० मा दहत्तर वहत्तर तर्फ माटो प्रति घन फिट २/५० | माटो प्रति घन फिट ३/५० | प्रदेश कानून अनूसार |
| २. | नभएको | दफा १२ को अनुसूची ५ (क) को बुँदा नं १० सँग सम्बन्धित सेवा शुल्क, दस्तुरका दर<br>क) सहकारी विधान, पुर्नलेखन, कार्यक्षेत्र विस्तार<br>• कृषि सहकारीको हकमा १०००<br>• अन्य सहकारीको हकमा २५००<br>ख) प्रत्येक किसिम व्यापार व्यवसायिक फर्म रद्ध/बन्द १०००<br>ग) उद्धेश्य परिवर्तन र नाम परिवर्तन १०००<br>घ) कक्षा ८ को मार्कसिट प्रतिलिपि २००<br>ङ) उपभोक्ता समिति दर्ता २०००<br>च) उपभोक्ता समिति नवीकरण १०००<br>छ) स्थानीय जलश्रोत समिति दर्ता २०००<br>ज) स्थानीय जलश्रोत समिति नवीकरण १००० | |

Scanned with CamScanner

२. सहकारी संस्थाहरुको संस्थापना, पुर्नस्थापना र कार्यक्षेत्र संशोधनलाई व्यवस्थित गर्न बनेको कार्यविधि २०७८

नगर कार्यपालिकाको विधायन समितिबाट पेश भएको सहकारी संस्थाहरुको संस्थापना, पुर्नस्थापना र कार्यक्षेत्र संशोधनलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०७८ को परिच्छेद २ को विविध को नियम ९ ले दिएको अधिकार प्रयोग गरी कार्यविधिको दफा ३ 'क' थप गर्न विधान समितिले पेश गरेको संलग्न कार्यविधि संशोधन तथा थप गर्ने निर्णय गरियो ।

**३ (क) सहकारी संस्थाको विनियमावली सम्बन्धी समिति :**

१. सहकारी संस्थाहरुको स्वीकृति, पुर्नगठन, कार्यक्षेत्र विस्तार, एकिकरण सम्बन्धमा सिफारिस गर्न देहायका, पदाधिकारीहरु रहनेगरी सहकारी संस्थाको विनियमावली सम्बन्धी समिति रहनेछ ।

(क) नगर उप-प्रमुख - संयोजक
(ख) नगर प्रमुखबाट मनोनित वडा अध्यक्ष (१ जना) - सदस्य
(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
(घ) जिल्ला सहकारी संघको अध्यक्ष/प्रतिनिधी - सदस्य
(ङ) सहकारी शाखा प्रमुख - सदस्य सचिव

**२. समितिको काम कर्तव्य अधिकार :उपदफा ३ (क) बमोजिम**

क) सहकारी संस्थाको विनियमावली स्वीकृत संशोधन तथा पुर्नलेखन, संस्थाको एकिकरण, विभाजन तथा रुपान्तर र कार्यक्षेत्र विस्तार सम्बन्धमा सिफारिस गर्ने ।

ख) यस कार्यविधिको कार्यान्वयन सम्बन्धमा उत्पन्न हुने दुविधा र सवालहरुमा सिफारिस गर्ने ।

**प्रस्ताव नं ३ : बैठक भत्ता सम्बन्धमा**

**निर्णय नं ३ :** यस नगर कार्यपालिकाको बैठक, अन्य बैठक र विषयगत समितिहरुको बैठकमा भाग लिए वापत सहभागीहरुलाई प्रति बैठक रु १०००। भत्ता उपलब्ध गराउने साथै वडा समितिको हकमा मासिक वढिमा २ वटा बैठकको भत्ता प्रति व्यक्ति रु १०००। को दरले उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं ४ : नगरसभामा पेश हुने विनियोजन ऐन, बजेट तथा कार्यक्रम सम्बन्धमा**

**निर्णय नं ४ :** विनियोजन ऐन २०७९ को दफा २ र ३ ले दिएको अधिकार प्रयोग गरी विनियोजन ऐन, वजेट तथा कार्यक्रम संशोधन तथा थप गर्न कार्यपालिकाबाट पास गरी नगर उप प्रमुख प्रभा बोगटी ज्यूले नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ : विविध**

**निर्णयहरु:**

**क) आयोजनाले निर्माण सामाग्री माग गरेको सम्बन्धमा**

विदुर नगरपालिका क्षेत्र भित्र रहेका कसर उद्योग, वासिङ उद्योग र बालुवा खानीहरु प्रक्रियागत क्षेत्रबाट प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) स्वीकृत भई दर्ता तथा नवीकरण भएकाहरुलाई आवश्यक सहमति प्रदान गर्ने, सो बाहेक यस जिल्लामा संचालित राष्ट्रिय गौरव लगायतका महत्वपूर्ण आयोजनाहरुले निर्माण कार्यका लागि आवश्यक साधारण निर्माणजन्य सामाग्रीहरु (बालुवा, गिटी, ढुंगा) को आवश्यकता पूर्ति गर्नका लागि उक्त/आयोजनाहरुले IEE गरेको र स्वीकृत स्थानबाट कच्चा पदार्थ ल्याई प्रशोधन गरी निर्माण सामाग्री पूर्ति गर्न सिफारिस गरे अनुसार उपयुक्त स्थानमा तेकिएको उद्योग संचालन गर्न माग भई आएका ~~तपसिलमा~~ उल्लेखित फर्महरुलाई अस्थायी सहमति प्रदान गर्ने निर्णय गरियो ।

Scanned with CamScanner